# देउरानी फुलबारी सामुदायिक वन उपभोक्ता समूह

मधुवन नगरपालिका वडा नं. ४, बर्दिया

मितिः- २०८३/०३/०४

प.सं.: २०८२/०८३

च.नं.: १४०

**विषयः- सच्चाईएको सूचना वेभसाईटमा अपलोड गरी जानकारी पठाईदिने सम्बन्धमा।**

श्री डिभिजन वन कार्यालय,
गुलरिया, बर्दिया।

प्रस्तुत विषयमा यस समूहबाट मिति २०८३/०२/१९ गते **सौर्य राष्ट्रिय दैनिक पत्रिकामा** पहिलो पटक प्रकाशित काठको बोलपत्रद्धारा लिलाम बिक्री सम्बन्धी विस्तृत सूचनामा लिलाम बिक्री हुने काठ/दाउराको संकलन खर्चको रकम फरक परेको हुँदा सच्चाईएको विस्तृत सूचना पाना थान २ यसै पत्रसाथ संलग्न राखी पठाईएको छ। तहाँ कार्यालयको वेभसाईटमा अपलोड गरी सो को जानकारी यस समूहमा पठाईदिनुहुन अनुरोध छ। साथै वन तथा वातावरण मन्त्रालय, राप्ती उपत्यका (देउखुरी), दाङ र वन निर्देशनालय, बुटवल, रुपन्देहीको वेभसाईटमा समेत अपलोड गर्नका लागि आवश्यक सहयोग गरिदिनुहुन सादर अनुरोध छ।

डिभि
दर्ता ५२९५
मि ३/४

.............................

सिताराम चौधरी

अध्यक्ष

# देउरानी फुलबारी सामुदायिक वन उपभोक्ता समूह

मधुवन नगरपालिका वडा नं. ४, बर्दिया

## गोलिया काठ बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशन मितिः २०८३/०२/१९ गते मंगलबार

सच्चाईएको सूचना प्रकाशन मितिः २०८३/०३/०४ गते बिहिबार

यस समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार आ.व. २०८२/०८३ मा उत्पादन भई डिभिजन वन कार्यालय, बर्दियाको च.नं. ४७८७ र ४९२७ मिति २०८३/०१/३० र २०८३/०२/०७ गतेको लिलाम सहमति पत्रानुसार समूहको घाटगद्धीमा रहेको निम्न परिमाणको गोलिया काठ हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी बोलपत्रद्धारा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना **सौर्य राष्ट्रिय दैनिक** पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनको कार्यालय समयभित्र यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट शिलबन्दी बोलपत्र खरिद गरी २२ औं दिनको २:०० बजेभित्र दाखिला गर्न आह्वान गरिन्छ।

तपसिल

| लट नं. | घाटगद्धी स्थान | पाईलिङ्ग नं. | क्र. सं. | जात | ग्रेड | गोलिया थान | परिमाण (घ.फि.) | दर | न्यूनतम मूल्य रु. | संकलन खर्च रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| BA/13/13-a01-01-2083/02/19-p | समूहको घाटगद्धीमा | २ देखि ४ सम्म (RF/BRF/FT/TI) | १ | साल | ए | ९२ | १८८७.४० | १२५० | २३५९२५०.० | ७६००२८.० | |
| | | | २ | साल | बि | ११८ | १४५०.०२ | ९०० | १३०५०१८.० | | |
| | | | ३ | साल | सि | १८१ | ६४०.६२ | ६०० | ३८४३७२.० | | |
| | | | ४ | साल | डि | १६ | २३.८९ | ३०० | ७१६७.० | | |
| | | ५ (BRF) | ५ | अस्ना | ए | ५ | ७१.४१ | ४०० | २८५६४.० | | |
| | | | ६ | अस्ना | बि | १३ | १५४.८३ | ३०० | ४६४४९.० | | |
| | | | ७ | अस्ना | सि | ४९ | २४३.३४ | १०० | २४३३४.० | | |
| | | ४, ५ र १३(RF/BRF/TI) | ८ | खयर | N | १७२४ | १७३१.९० | १००० | १७३१९००.० | | |
| जम्मा | | | | | | २१९८ | ६२०३.५० | | ५८८७०५४.० | ७६००२८.० | |
| BA/13/13-a01-02-2083/02/19-P | समूहको घाटगद्धीमा | साल जातको दाउरा (२०'x५'x५'को) १४.०० चट्टा | | | | | | १२००० | १६८०००.० | ३४४४०० | |
| | | अन्य जातको दाउरा (२०'x५'x५'को) २७.०० चट्टा | | | | | | ४००० | १०८०००.० | | |
| कुल जम्मा | | | | | | | | | ६१६३०५४.० | ११०४४२८.० | |

शर्त तथा नियमहरुः

१) बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय
   क) अन्तिम मितिः २०८३/०३/०८ गते सोमबार
   ख) समयः कार्यालय समयभित्र

२) बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय
   क) अन्तिम मितिः २०८३/०३/०९ गते मंगलबार
   ख) समयः मध्यान्ह २:०० बजेसम्म

३) बोलपत्र खोल्ने अन्तिम मिति र समय
   क) अन्तिम मितिः २०८३/०३/१० बुधबार
   ख) समयः मध्यान्ह २:०० बजे

४) बोलपत्र फारामको दस्तुर रु. एकलाख सम्मको रु. ३००।-, रु. १ लाख देखि १० लाख सम्मको रु. १,०००।- र सो भन्दा माथीको रु. २,०००।- (पछि फिर्ता नहुने गरी) तिरी यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट सौर्य राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८३/०२/१९ गते मंगलबार सूचना प्रकाशित भएको मितिले २१ औं दिनको कार्यालय समयभित्र खरिद गरी २२ औं दिनको अपरान्ह २:०० बजेसम्म यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट दर्ता गर्न सकिनेछ।

५) खरिद गरिएका बोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशले हुन आउने रकम यस सामुदायिक वनको नाममा राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेड, गुलरिया, बर्दियामा रहेको खाता नं. ४१४०१००००८४५६००१ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश गरी पेश गर्नुपर्नेछ।

६) लिलाम बढाबढ हुने वन पैदावारहरु उपरोक्तानुसार घाटगद्धी स्थलमा गइ हेर्न सकिनेछ।

७) लिलाममा भाग लिन ईच्छुक व्यक्ति, संघसंस्था, फर्म वा कम्पनीले नेपाली नागरिकताको प्रमाणपत्रको छाँयाप्रति, कर चुक्ता प्रमाण पत्रको छाँयाप्रति, मु.अ.क. दर्ता प्रमाणपत्रको छाँयाप्रति वा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको छाँयाप्रति (नवीकरण भएका मात्र) र सूची दर्ताको प्रमाणपत्रको छाँयाप्रति बोलपत्र साथ पेश गर्नुपर्नेछ।

८) निर्धारित गरिएको न्यूनतम संख्याका र रितपूर्वक पर्न आएका बोलपत्रहरु यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट प्राप्त भएपछि साक्षीहरुको रोहवरमा खोलिनेछ।

९) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको वा समूहको सूचना पाटीमा सूचना टाँस गरिएको मितिले १० दिन भित्र सकार गरेको रकम, सङ्कलन खर्च तथा निर्धारित मूल्य अभिवृद्धि कर समेत बुझाई लिलाम चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ।

१०) बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा प्रष्ट लेख्नु पर्छ। अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ

११) छुट्टाछुट्टै लटको लागि छुट्टाछुट्टै बोलपत्र खरिद गरी पेश गर्नु पर्नेछ।

१२) सङ्कलन तथा घाटगद्धी खर्च छुट्टै बुझाउनु पर्नेछ।

१३) तोकिएको समय भित्र सकार रकम, मु.अ.कर, सङ्कलन खर्च र अन्य बुझाउनु पर्ने रकम बुझाउन नआएमा वा नबुझाएमा तत्काल धरौटी जफत गरी नियमानुसार गरिनेछ।

१४) बोलपत्र स्वीकृत गर्ने नगर्ने अधिकार यस समूहमा निहित रहने छ।

१५) अन्य जानकारीको लागि कार्यालय समयमा यस समूहमा सम्पर्क राख्न सकिनेछ।

१६) बोलपत्र खरीद गर्ने अन्तिम दिनमा सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट वा कार्यालय खुलेको समयमा खरीद गरी क्रमशः दर्ता गर्न सकिनेछ साथै दर्ता गर्ने दिनमा सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट तोकिएको समयभित्र दर्ता गर्न सकिनेछ।

आज मिति २०८३।०३।०४ गतेका दिन यस श्री देउरानी फूलबारी सामुदायिक वन उपभोक्ता समूह मधुवन-४, बाँदरभरिया, बर्दियाका अध्यक्ष सितराम चौधरीको अध्यक्षतामा बैठक बसी तपसिल बमोजिमका प्रस्तावहरू माथि छलफल गर्दा निर्णय पारित गरियो ।

उपस्थितिहरू

| क्र.सं. | नाम / थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | सितराम चौधरी | (अध्यक्ष) | [signature] |
| २ | शान्तराम थारु | (उपाध्यक्ष) | |
| ३ | कल्पना थारु | (कोषाध्यक्ष) | कल्पना |
| ४ | हुमकला गुसाल | (सचिव) | हुमकला |
| ५ | फुलरानी थारु | (सहसचिव) | फुलरानी |
| ६ | सबिना थारु | (सदस्य) | |
| ७ | सालिना थारु | ( " ) | सालिना |
| ८ | बिकरानी थारु | ( " ) | बिकरानी |
| ९ | दुखा थारु | ( " ) | दुखा थारु |
| १० | मंगतु थारु | ( " ) | [signature] |
| ११ | रामस्वरूप थारु | ( " ) | [signature] |
| १२ | बैजराम चौधरी | (सल्लाहकार संयोजक) | [signature] |
| १३ | राधेश्याम थारु | ( " तदस्य ) | |
| १४ | रिता थारु | ( " " ) | [signature] |
| १५ | अमेला थारु | (वन हेरालु) | अमेला |
| १६ | अर्जुन थारु | (का० स०) | अर्जुन |
| १७ | मन प्यारी थारु | (उ.समूह नं. ४ अध्यक्ष) | [signature] |
| १८ | पहाडी थारु | ( " " " ) | पहाडी |
| १९ | मनोज चौधरी | (उपभोक्ता) | [signature] |

प्रस्ताव नं. १ : सट्टाईएको सूचना वेभसाईटमा अपलोड गर्ने सम्बन्धमा ।

निर्णय नं. १ : माथी छलफल तथा सरसल्लाह गर्दा यस सा० व० उ० स० ले डिभिजन वन कार्यालय, बर्दियाको च० नं. ४६८७ र ४९९७ मिति २०८३।०१।३० र २०८३।०२।०७ गतेको लिलाम सहमति पत्र अनुसार यस

समूहबाट मिति २०७३।०२।१५ मा सौर्य राष्ट्रिय दैनिक पत्रिकामा पहिलो पटक काठ / दाउराको लिलाम बिक्री सम्बन्धी विस्तृत सूचनामा काठ / दाउराको संकलन खर्चको रकम फरक परेको हुँदा, उक्त फरक परेको विस्तृत सूचना सच्याई वेभसाईटमा अपलोड गर्नका लागि डिभिजन वन कार्यालय, बर्दियालाई अनुरोध गर्ने भनि निर्णय पारित गरियो।